# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

पत्र संख्याः–

चलानी नं.:–


**आन्तरिक आय जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन तथा निकासी सम्वन्धी वढावढको सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः २०७९/१०/१८**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ मा व्यवस्था भए अनुसार यस सोलुदुधकुण्ड नगरपालिकाको ११ औ नगरसभाबाट निर्णय भए बमोजिम सोलुदुधकुण्ड नगरपालिका अन्तर्गत आन्तरिक आय संकलन को लागि आ.व. २०७९/०८० असार मसान्त सम्मको लागि तपशिल बमोजिमको आन्तरिक आय अन्तर्गत सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन तथा निकासी कर ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक फर्म/कम्पनीले तपशिल बमोजिमको सर्त बन्देजको अधिनमा रहि यस नगरपालिकामा तोकिएको समय भित्र वढावढको प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिल :</u>

| क्र.स. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम वार्षिक ठेक्का अंक रु. | प्रस्ताव बुझाउने अन्तिम समय र मिति | प्रस्ताव खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| १. | सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र जडिबुटी, कवाडी र जीवजन्तु कर संकलन तथा निकासी कर | मिति २०८० असार मसान्त सम्म | ४,००,०००।- (चार लाख रुपैया मात्र) | मिति २०७९/१०/२४ गते कार्यालय समय सम्म । | मिति २०७९/१०/२५ गते दिनको २:०० बजे |

१. प्रस्तावदाताले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०७९।१०।२४ गते) भित्र कार्यालय समयमा प्रस्तावपत्र पेश गर्नुपर्ने छ ।

२. प्रस्तावदाताले फर्म / संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी, नियम अनुसारको कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपी संलग्न गरेको हुनुपर्नेछ ।

३. प्रस्तावदाताले वढावढमा कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य वैंक लिमिटेड सोलुखुम्बु शाखामा रहेको धरौटी खाता च.हि.न. <u>२०२०१००३०३००००५</u> मा जम्मा वा कार्यालयमा नगदै बुझाएको रसिद भौचर संग्लन राखि पेश गर्नुपर्ने छ ।

४. प्रस्तावपत्र पेश गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता हुने तथा खोलिनेछ ।

५. प्रस्तावपत्र खामको बाहिर ठेक्काको विषय खोली यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नुपर्नेछ ।

६. रितपूर्वक दाखिला भएको प्रस्तावपत्र तोकिएको मिति र समयमा प्रस्तावदाता वा निजको प्रतिनिधीको रोहवरमा सोलुदुधकुण्ड नगरकार्यपालिकाको कार्यालयमा नियम अनुसार खोलिनेछ । तर प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि प्रस्तावपत्र खोल्न बाधा पर्ने छैन ।

७. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्तावपत्रलाई मान्यता दिइने छैन ।

८. प्रस्ताव पत्रको फाराम कार्यालयको राजस्व शाखाबाट निः शुल्क रुपमा प्राप्त गर्न सकिनेछ ।

२०७९।१०।१८

मिति: २०७९/   /

श्री सोलुदुधकुण्ड नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय सोलुखुम्बु ।

विषय: प्रस्ताव पेश गरेको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिकाको मिति २०७९/......../......   मा प्रकाशित भएको जडिबुटी, कवाडी र जीवजन्तु कर संकलन तथा निकासी सम्बन्धी बढाबढको सूचना बमोजिम रीतपूर्वक तोकिएको समयावधिभित्र तपसीलको दररेटमा प्रस्ताव पेश गरेको छु ।

तपसील:

| क्र. सं. | ठेक्का को विवरण | न्युनतम वर्षिक ठेक्का अंक रु. | कबोल गरेको बढाबढको अंक रु. | कैफियत |
|---|---|---|---|---|
| १. | आन्तरिक आय जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन तथा निकासी | ४,००,०००।–( अक्षेरेपी चार लाख रुपैंया मात्र ) | | |

संलग्न कागजातहरु:

१. फम वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. संस्थाको  संस्था दर्ताको प्रमाणपत्रको नविकरण भएको प्रतिलिपि ।
३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

प्रस्ताव पेश गर्ने